तिमी एक्लै छैन्। कुराहरु सुन्नुहोस्।

"कोसँग सल्लाह गर्दा हुन्छ थाहा छैन"
"कसैसँग सल्लाह गर्ने कुरालाई लिएर अफ्ठ्यारो महसुस हुन्छ।"
त्यस्तो लाग्न पनि सक्छ। तर कोहि पनि मान्छे एक्लै बाचिराखेको छैन्।
जिज्ञासा लागेको कुरा, चिन्ता लागेको कुरा आदि जस्तो सुकै कुराहरु
भए पनि तिम्रो कुराहरु सुनाए हुन्थ्यो।
ठिक छ। एक्लै चिन्तित नहुनुहोस्।

कुरा गरेर हेरौं - टोकियो बालबालिका नेट

📞 ०१२०-८७४-३७४ जापानिज भाषामा मात्र उपलब्ध छ।

बिहान ९ बजे बाट राति ९ बजे सम्म (सोमबार देखि शुक्रबार) / बिहान ९ बजे बाट साँझ ५ बजे सम्म (शनिबार, आइतबार र बिदाका दिनहरु) * डिसेम्बर २९ तारिख देखि जनवरी ३ तारिख सम्म बन्द

सल्लाह हट लाइन (LINE) @ टोकियो

जापानिज भाषामा मात्र उपलब्ध छ।

तलका चार सल्लाह केन्द्रहरुले संयुक्त रुपमा लाइन सल्लाह सञ्चालन गरिरहेका छन्।
काउन्टर अनुसार खुल्ने समय फरक हुने भएकोले विस्तृत जानकारीको लागि QR कोड बाट हेर्नुहोस्।

- जिउन गाह्रो छ जस्तो लाग्दाको समस्याहरुको बारे सल्लाह
- भविष्यको कामको बारे, जिस्काउने तथा कुटपिट गर्ने गरेको आदि शिक्षा सम्बन्धित समस्याहरुको बारे सल्लाह
- युवाहरुको इन्टरनेट / मोबाइलफोनको समस्याहरुको बारे सल्लाह
- युवाहरुको विभिन्न समस्याहरुको बारे सल्लाह

सल्लाह गरेको कुराहरु तपाईको अनुमति बिना कुनै पनि तेस्रो पक्षलाई भन्ने छैन।

---

* सल्लाहको पैसा लाग्दैन्।

बालबालिका सम्पादक

आखारी (कक्षा १२), आयाको (कक्षा ९), कोकोरो (कक्षा ८), तोमोआकी (कक्षा ११), नाओ (कक्षा ७), नोजोमी (कक्षा ९), हिना (कक्षा ८), युना (कक्षा ११), रिसा (कक्षा १०), योमा (कक्षा ७)

यस पुस्तिकाको प्रत्येक पेजमा अडियो कोड "Uni-Voice" छापिएको छ। मोबाइल फोनको एप आदि प्रयोग गरेर हेर्नु भयो भने सुनेर लेखिएको कुराहरुको जाँच गर्न सक्नुहुन्छ।

अडियो कोड

२०23 साल मार्च महिनामा प्रकाशित
सम्पादन/प्रकाशन
टोकियो महानगरपालिका बालबालिका नीति सहयोग कार्यालय
बालबालिका नीति सहयोग प्रवर्द्धन विभाग योजना महाशाखा
हुलाक नं. १६३-८००१
२-८-१ निशी-शिन्जुकु, शिन्जुकु-कु, टोकियो
फोन नं.: ०३ (५३८८) २१६५

* पोस्ट गरिएको जानकारी २०23 साल मार्च महिनाको हो।
*रेखाचित्र र चित्रहरु सबै काल्पनिक मात्र हो।

*यस पुस्तिकामा प्रकाशित रेखाचित्रहरु र चित्रहरुको नक्कल गर्ने, प्रतिलिपि बनाउने, कपी गर्ने, अरुलाई पठाउने आदि प्रतिलिपि अधिकार कानून अन्तर्गतका अपवादहरु बाहेकका कुराहरु गर्न निषेध गरिएको छ।

टोकियो महानगरपालिका

अधिकार द्वारा निर्मित वर्तमान र भविष्य

टोकियो महानगरपालिकाको बालबालिका सम्बन्धित आधारभूत अध्यादेशको भूमिका र अर्थ बुझौं!

माध्यमिक र उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरुको लागि

अडियो कोड



टोकियो महानगरपालिकाको बालबालिका सम्बन्धित आधारभूत अध्यादेश भनेको के हो?

बालबालिका समाजका सदस्य हुन् । ठुलो मानिसहरु जस्तै धेरै किसिमको अधिकारहरु हुन्छ र बालबालिका सँग मात्रै भएको अधिकारहरु पनि हुन्छ। बालबालिकाको अधिकारको सम्मान गरि, सबैजना खुसी भएर बाँच्न सकून् भन्ने हेतुले टोकियो महानगरपालिकाको बालबालिका सम्बन्धित आधारभूत अध्यादेश बनेको हो। यो अध्यादेश बाल अधिकार सम्बन्धी महासन्धिको आधारमा लेखिएको छ।

ठुलो मानिसहरुले भनेको कुराहरु महत्त्वपूर्ण भएको बेला पनि हुन्छ। तर मेरो पनि आफ्नै सोच छ।
मैले सोचेको कुरा, महसुस गर्ने कुरालाई कसैले सुनेर त्यसलाई साकार बनाउने तरिकाको बारे सँगै सोचिदिए हुन्थ्यो किनभने म सँग पनि अधिकार छ ।

धारा ४, धारा ७, धारा ८, धारा १०, धारा ११ र धारा १३ हेर्नुहोस्!

अडियो कोड

म पनि समाजको एक सदस्यको हैसियतले स्वतन्त्र रुपमा **आफ्नो** विचार व्यक्त गर्न सक्छु।
विद्यालय र स्थानीय समुदायका विभिन्न ठाउँहरुमा **आफ्नै** विचार
र विवेक अनुसार भाग लिन सक्छु।
पढेर मात्र थाहा पाउन नसक्ने कुराहरु पनि छ जस्तो लाग्छ।
सानो आवाज हुन सक्छ, तर मेरो "आवाज" ले परिवर्तन गर्न **सक्ने** कुराहरु हुन सक्छ।
त्यस्तो अवसरहरु धेरै भए हुन्थ्यो र **आफ्नो** वरपर भएको अवसरहरु गुमाउन चाहन्न।

धारा १० र धारा ११ हेर्नुहोस्!

हामीहरु भेला भएर बस्दा बाधा गरिराखेको छ भनेर हेरेको जस्तो लाग्छ।
पार्कमा भेला हुन गाह्रो छ र पुस्तकालयमा सिटहरु पाउन पनि गाह्रो छ।
खाराओके तथा पारिवारिक रेस्टुरेन्टहरु पनि छ, तर पैसा नतिरे समय बिताउने ठाउँ छैन्?
साथीहरुसँग खुलेर कुरा गर्न अथवा एक्लै समय बिताउने ठाउँ नभए एकदमै गाह्रो हुन्छ।
समय बिताउने ठाउँ पनि मेरो शारीरिक तथा मानसिक विकासको लागि आवश्यक छ।

धारा ७ हेर्नुहोस्!

अडियो कोड

अधिकारले संसारलाई फराकिलो बनाउँछ।

बच्चु मात्र पर्छ विभिन्न किसिमको समस्याहरु आइपर्छ र कठिनाइहरुको सामना गर्नु पर्ने पनि हुन्छ।
गाह्रो कुरा भएपनि त्यो मेरो शारीरिक तथा मानसिक विकासको लागि आवश्यक हुन सक्छ।
आफ्नो भविष्य आफैले छान्न सक्ने गरि, साथै शारीरिक तथा मानसिक विकास हुने गरि मेरो हेरचाह गरे हुन्थ्यो।

बिर्सन नहुने जीवनको मुख्य पात्र आफु हो। केहि गरेमा केहि न केहि त परिवर्तन हुनेछ।एक कदम अगाडि बढेर हेरौं। एकअर्काको व्यक्तित्व पहिचान हुनाले संसार फराकिलो हुन्छ।
नडराइ काम गर्ने साहस गर्नाले म यो संसारमा अझ चम्किने छु।

धारा ५, धारा ८ हेर्नुहोस्!

अडियो कोड